# नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु:

## दर्ता नं. ११७१०६/०७०/०७१

## कार्यक्रमको रुपरेखा

## कम्पनी सचिवद्वारा कार्यक्रमको शुभारम्भ

१) आसन ग्रहण ।
२) स्वागत मन्तव्य ।
३) सभाको बैधानिकता र साधारण सभा सम्बन्धी भएगरेका काम कारबाही तथा प्रस्ताव सम्बन्धी जानकारी ।
४) सभाको उदघाटन ।
५) सभा अध्यक्षज्युद्वारा वार्षिक प्रतिवेदन प्रस्तुति ।
६) प्रतिवेदनमाथि टिका–टिप्पणी / छलफल गर्ने र बोल्ने कार्यक्रम ।
७) शेयरधनीहरुवाट आएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ ।
८) प्रस्ताव उपर छलफल गर्दै पारित गर्ने ।
९) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन ।

**१.प्रारम्भिक :-**

नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको १९७ औं बैठकले संस्थाको बाह्रौं बार्षिक साधारणसभा मिति २०८२/०९/३० गते बुधवार (तदनुसार १४ जनवरी २०२६) काभ्रेपलाञ्चोक जिल्लाको अरनिको पार्टी प्यालेस बनेपा ५ मा सम्पन्न गर्ने निर्णय भएको थियो । कम्पनी ऐन, २०६३ तथा संस्थाको प्रबन्धपत्र तथा नियमावली बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूको सभापतित्वमा निम्न मिति, समय तथा स्थानमा उल्लेखित विषयहरू उपर छलफल र निर्णयहरु गरी बाह्रौं वार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न भयो ।

**२. साधारण सभाको मिति, समय र स्थान :-**

मिति: २०८२/०९/३० गते बुधवार (तदनुसार १४ जनवरी २०२६)
समय: विहान ११:०० बजे ।
स्थान: अरनिको पार्टी प्यालेस बनेपा नगरपालिका वडा नं.५,काभ्रेपलाञ्चोक ।

३. <u>साधारण सभाको सूचना :-</u>

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम संस्थाको बाह्रौं बार्षिक साधारण सभा बारेको सार्वजनिक सूचना मिति २०८२/०९/०९ गते र मिति २०८२/०९/१४ को क्रमश: अभियान राष्ट्रिय दैनिक तथा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त यो सूचना संस्थाको वेबसाइटमा पनि राखिएको थियो । सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि उहाँहरुको इमेल ठेगानामा साधारण सभा हुने बारेको सार्वजनिक सूचना तथा संस्थाको आ.व.२०८१/८२ को बार्षिक प्रतिवेदन उपलब्ध गराइएको थियो ।

४. <u>उपस्थिति</u>

**क) सञ्चालक समितिका पदाधिकारीहरु:**

१) अध्यक्ष : श्री केशवप्रसाद आचार्य
२) सञ्चालक : श्री रबिन सिजापती
३) सञ्चालक : श्री क्षितिज खड्का
४) सञ्चालक : श्री प्रदित कुमार रेग्मी
५) सञ्चालक : श्री नरेन्द्र प्रसाद छत्कुली
६) सञ्चालक : श्री राम कुमार तिमल्सिना
७) सञ्चालक : श्री जमुना श्रेष्ठ

**ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

१) प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादव

**ग) शेयरधनीहरुको उपस्थिति**

१) स्वयं उपस्थिती ७० जना
२) प्रतिनिधि मार्फत उपस्थिती २०३ जना

**५. <u>सभामा प्रस्तुत छलफलका विषयहरू :-</u>**

**<u>क) सामान्य प्रस्ताव:</u>**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (यस अघि नियुक्त लेखापरीक्षक पुन: नियुक्तिको लागि ग्राह्य हुनु हुन्न)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैंया र पैसा चौबीस मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.९९,८७,०६३।९५ (अक्षरेपि उनान्सय लाख सतासी हजार त्रिसट्ठी रुपैंया र पन्चानब्बे मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. आ.व.२०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ ( अक्षरेपि एक अर्व तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैंया र पैसा चौबीस मात्र) को १४.२५ (चौध दशमलव दुइ पाँच) प्रतिशतले हुन आउने रु. १८,९७,५४,२१४।९९(अक्षरेपि अठार करोड सन्तानब्बे लाख चवन्न दुइ सय चौध रुपैंया र पैसा उनान्सय मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,५२,१३,६२,७१४।२३ (अक्षरेपि एक अर्ब बाउन्न करोड तेह्र लाख बैसट्ठी हजार सात सय एकचालीस रुपैंया र पैंसा तेइस मात्र) पुऱ्याउने विशेष प्रस्ताव पारित गर्ने ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमश: ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अघिको बार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८१/८२ को वोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुंजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात कायम गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको ८,७४,४४३.९५ ( आठ लाख चौहत्तर हजार चार सय त्रिचालीस दशमलव नौ पांच) कित्ता साधारण

शेयर सम्बन्धित निकायहरुबाट स्वीकृति लिई प्रिमियममा थप सार्वजनिक निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. संस्थाको संस्थापक र सर्वसाधारण समूहको शेयर संरचना ७०:३० को अनुपात कायम गर्नको लागि सर्वसाधारण समूहतर्फ कमी रहेको शेयर थप सार्वजनिक निष्काशन (FPO) को माध्यमबाट जारी गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति भएपश्चात् थप सार्वजनिक निष्काशन (FPO) जारी गरी तथा आ.व.२०८१/८२ को बोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पुंजी मध्येबाट संस्थापक समूह तर्फको १० प्रतिशत शेयर नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिइ सर्वसाधारण समूहको शेयरमा परिणत (Conversion) गर्ने ।

४. प्रवन्धपत्रको दफा ६(क), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) (अ) मा आवश्यक संशोधन गर्ने । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट फेरवदल गर्न निर्देशन भएमा सोमा थपघट, परिमार्जन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि कुनैपनि प्रस्ताव नभएको ।

## ६. गणपूरक संख्या र साधारण सभा सम्बन्धमा भएका काम कारबाही सम्बन्धी संक्षिप्त जानकारी:

लेखापरीक्षकवाट आर्थिक बर्ष २०८१/८२ मा भएको कारोबारको लेखापरीक्षण गराई सो प्रतिवेदनलाई नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०९/०७ मा वित्तीय विवरण प्रकाशन तथा चुक्ता पुंजीको १४.७५ प्रतिशत बोनश तथा ०.७५ प्रतिशत नगद गरी कुल १५ प्रतिशत लाभांश साधारण सभाले स्वीकृत गरे पश्चात वितरण गर्नको लागि स्वीकृत भएको ।

कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमका आवश्यक प्रतिवेदन बार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै तयार गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनुपर्ने प्रावधान अनुसार उक्त सम्पूर्ण कार्य पुरा भैसकेको छ ।

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को प्रावधान वमोजिम वार्षिक साधारण सभामा छलफल हुने विषयहरु एबं प्रस्तावहरु सहितको बार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महाँनुभाबहरुको

घर, ठेगानामा पठाउनुको साथै मिति २०८२/०९/०९ गते र मिति २०८२/०९/१४ को क्रमश: अभियान राष्ट्रिय दैनिक तथा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा बाह्रौं बार्षिक साधारणसभा हुने बारेको सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महाँनुभावहरुलाई जानकारी गराईएको थियो । त्यसका साथै शेयरधनी विवरणमा उपलब्ध रहेको शेयरधनीहरुको मोबाइल नंम्बरमा साधारण सभा हुने बारेको जानकारी सहितको म्यासेज (एस एम एस) पठाइएको थियो ।

**गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-**

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थित | प्रतिनिधी मार्फत उपस्थित | जम्मा उपस्थित | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १,३३,१६,०८५।३ | २८,४४,२२९ | ४८,७९,५४४ | ७७,२३,७७३ | ५७.८४ |
| शेयरधनी संख्या | ४७,०८७ | ७० | २०३ | २७३ | ०.५८ |

## ७. सभाको कारबाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिवले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको नियम २३ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम शेयर संख्या ५७.८४ प्रतिशत र शेयरधनीको स्वयंम् उपस्थिति ७० जना रहेकोले गणपूरक संख्या पुगिसकेकाले सभा संचालन गर्न कम्पनी ऐन २०६३ अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो भने संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महाँनुभावहरु, सञ्चालक तथा अन्य आमन्त्रितहरुलाई वित्तीय संस्थाको व्यवस्थापनको तर्फबाट हार्दिक स्वागत गर्दै संस्थाको भाबी योजना तथा कार्यक्रमको बारेमा संक्षिप्त रुपमा जानकारी गराउनु भयो ।

## ८. सभा अध्यक्षको आसन ग्रहण :-

साधारण सभाको अध्यक्षता ग्रहण गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावलीको १९ मा भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता समितिका अध्यक्षले गर्ने प्रावधान भए अनुरुप यस नेशनल लघुवित्त वित्तीय संस्था लिमिटडेको सञ्चालक समितिका अध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभा अध्यक्षको आसन ग्रहण गर्नुभयो । त्यस पछि सभामा उपस्थित अन्य सञ्चालक तथा आमन्त्रित व्यक्तिहरुलाई आसन ग्रहण गराइएको थियो ।

९. <u>उद्घाटन तथा खादा वितरण:-</u>
आसन ग्रहणपछि उपस्थित सञ्चालक समितिका पदाधिकारीहरु तथा आमन्त्रित विशिष्ठ व्यक्तिहरुलाई खादा लगाएर स्वागत गर्नुका साथै सभाध्यक्षद्वारा पानसमा दिप प्रज्वलन गरी बाह्रौं बार्षिक साधारण सभाको विधिवत उद्घाटन तथा शुभारम्भ गर्नु भयो ।

**१०. बाह्रौं बार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुति :-**
सभाध्यक्षज्यूले सभा समक्ष प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन शेयरधनीहरुको हात हातमा परि सकेकोले उक्त प्रतिवेदन आफुले पुनरवाचन नगरी सो प्रतिवेदनमा कुनै जिज्ञासा, सुझाव, कैफियत भए सो को सहर्ष ग्रहण गरी जवाफ दिने व्यहोरा जानकारी गराउँदै संक्षिप्तमा हाल लघुवित्त क्षेत्रमा देखा परेको चुनौती, अवसर, संस्थाको व्यवसाय विस्तारको अवस्था, संस्थाको हाल सम्मको प्रगति तथा भावी रणनीति आदि विषयहरु समेटिएको संस्थाको आ.व २०८१/८२ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मन्तव्यको क्रममा उहाँले संस्थाले व्यवसायिक उद्देश्य प्राप्तिका साथ साथै सामाजिक उत्तरदायित्व समेत वहन गर्नको लागि विभिन्न सामाजिक कार्यहरु समेत सम्पन्न गरेको बारे चर्चा गर्नु भयो । त्यसैगरी संस्थाले आउँदा दिनहरुमा प्रभावकारी रुपमा सेवा प्रवाह गर्नका निमित्त आधुनिक प्रविधीको अधिकतम प्रयोग गरी गुणस्तरीय लघुवित्तीय सेवा प्रदान गर्ने तर्फ थप ध्यान पुऱ्याउने बारे जानकारी गराउनु भयो ।

अन्त्यमा, वित्तीय संस्थालाई वर्तमान अवस्थासम्म ल्याउन सहयोग पुऱ्याउने हुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सदाझैं सबैको सहयोग र शुभेच्छा प्राप्त हुने विश्वास प्रकट गर्नुभयो ।

**११. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरू :-**
सभाध्यक्षज्यूद्वारा प्रस्तुत गरिएको आ.व.२०८१/८२ को बार्षिक प्रतिवेदन तथा शेयरधनी महानुभावहरुलाई उपलब्ध गराइएको आ.व.२०८१/८२ को वित्तीय विवरणमा कुनै प्रतिकृया, राय, सुझाव तथा जिज्ञासा भए राख्नको लागि शेयरधनी महानुभावहरुलाइ अनुरोध गरिएकोमा देहाय बमोजिम २ जना शेयरधनी महानुभावहरु स्वयं उपस्थित भइ र २ जना शेयरधनी महानुभावहरुले लिखित रुपमा पठाइएको मन्तब्य मार्फत आफ्नो मन्तब्य राख्नुभएको थियो ।

**१) श्री गोविन्द शर्मा गैह्रे :**
बाह्रौं बार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको सम्पूर्ण परिवारलाई बधाई ज्ञापन गर्दै हाल लघुवित्त क्षेत्रमा देखा परिरहेका विविध समस्याहरु समाधान तर्फ नेपाल लघुवित्त बैकर्स संघको विशेष भुमिका रहन सक्ने भएकोले त्यस तर्फ समेत ध्यान दिन अनुरोध गर्नुभयो । त्यसैगरी,लघुवित्त संस्थाहरुले केवल कर्जा मात्र वितरण गरेर दायित्व पुरा नहुने

भन्दै ग्रामिण समुदायमा रोजगारी सृजना गरी व्यवसायिक उत्पादनमा समेत जोड दिनुपर्ने बताउनु भयो । अहिलेको प्रविधिको युगमा लघुवित्त संस्थाहरुले आधुनिक प्रणाली (Digital) मा जोड दिदै नयां Product हरुको विकास र विस्तारमा जोड दिनुपर्ने बताउनु भयो । त्यसैगरी, बढदो जोखिम नियन्त्रणमा विशेष जोड दिदै वित्तीय साक्षारताको माध्यमबाट जनचेतना बृद्धि गर्नुपर्ने बताउनु भयो । अन्त्यमा, संस्थाको पुंजी संरचना क्रमश ठुलो हुदै गइरहेकोले अव विस्तारै संस्थाले आफ्नै भवनको व्यवस्था गरी त्यहिबाट सेवा प्रदान गर्ने तर्फ सोच्न सञ्चालन समितिलाई आग्रह गर्नुभयो ।

२) **श्री तिर्थराज ढकाल:**

सर्वप्रथम संस्थाले १२ औं बार्षिक साधारण सभाको अवसरमा आफुलाई आमन्त्रण गरी बोल्ने मौका दिएकोमा नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड परिवारलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै बाह्रौं बार्षिक साधारण सभाको सफताको शुभकामना व्यक्त गर्नुभयो । त्यसैगरी अहिलेको प्रविधिको युगमा लघुवित्त संस्थाहरुले आधुनिक प्रणाली (Digital) मा जोड दिदै कर्जा सदुपयोगिता भए नभएको बारे सचेत रहन आग्रह गर्नुभयो । कर्मचारीहरु संस्थाको मेरुदण्ड भएकोले सदैव उनिहरुलाई उच्च मनोबलका साथ काम गर्ने बातावरण बनाउने तर्फ ध्यान दिनु पर्ने बताउनु भयो । अन्त्यमा, संस्थाको वित्तीय सुचकहरु अत्यन्त राम्रो रहेको र त्यसलाइ अझै राम्रो बनाउनको लागि निष्कृय कर्जा घटाउन तर्फ ध्यान दिन र FPO को बाँकि कार्य अगाडी बढाउनको लागि आग्रह गर्नुभयो ।

३) **श्री जगन्नाथ आचार्य:**

संस्थाको बाह्रौं बार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै लगानीकर्ता हरुले संस्थाबाट आश राख्ने भनेकै लगानीको उचित प्रतिफल नै हो । यस संस्थाले समीक्षा अवधिमा आफ्ना लगानीकर्ताहरुलाई १४.२५ प्रतिशत बोनश र ०.७५ प्रतिशत नगद गरी जम्मा १५ प्रतिशतको उच्च लाभांश प्रस्ताव गरेकोमा आफुलाई खुशी लागेको बताउनु भयो । अधिकांश आर्थिक सुचकहरु बारे बार्षिक प्रतिवेदनमा विस्तृत रुपमा ब्याख्या गरिएकोले त्यस विषयमा थप बोलीरहन आवश्यक नरहेको भन्दै, संस्थाहरुले संस्थागत सुशासनमा जोड दिदै पारदर्शीता कायम राख्न अति आवश्यक हुने बताउनु भयो । संस्थालाइ कुन अवस्थामा पुऱ्याउने भन्ने कुरामा कर्मचारीहरुको अहम भुमिका रहने भएकोले उनीहरुलाई समय सापेक्ष विभिन्न प्रकारका तालिमहरुको व्यवस्था गर्न आग्रह गर्नुभयो । त्यसैगरी, हाल देशका विभिन्न भागहरुमा बैंक तथा वित्तीय संस्थाहरुका कर्मचारीहरु माथि विभिन्न ब्यक्ति तथा समुहहरुबाट भएको कुटपिट तथा दुर्व्यवहारका घटनाहरुले कर्मचारीहरुको मनोवल कमजोर बनाएकोले कर्मचारीहरुले आफु सुरक्षित भएको महशुस गरी कामगर्ने बातावरण मिलाउन सम्बद्ध सबैमा आग्रह गर्नुभयो । त्यसैगरी, समय समयमा भइरहेका आन्दोलन तथा प्रदर्शनका घटनाहरुबाट वित्तीय संस्थाहरुमा समेत प्रत्यक्ष असर परिरहेकोले भविष्यमा हुनसक्ने क्षतिको जोखिम कम गर्नको लागि संस्थाले आफ्नो भौतिक सम्पत्तिहरुको भरपर्दो बीमा कम्पनीहरुमा बीमा

गराउनु पर्नेमा जोड दिनु भयो । अन्त्यमा, नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनहरुलाई ध्यानमा राख्दै, आगामी बर्षको साधारण सभामा लाभांश दर बढी भएको प्रस्ताव ल्याउन आग्रह गर्दै अर्थविद केशवप्रसाद आचार्यको नेत्तृत्वमा रहेको सञ्चालक समितिलाई सफलताको शुभकामना ब्यक्त गर्नु भयो ।

४) **श्री गोविन्द बहादुर के.सी.**

संस्थाको १२ औं बार्षिक साधारण सभाको अवसरमा बधाई ज्ञापन गर्दै संस्थाले आफ्ना शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश वितरण गरेकोमा हार्दिक धन्यबाद ब्यक्त गर्नुभयो । संस्थाको इमान्दार, अनुभबी र सक्षम सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतको कुशल क्षमताले गर्दा संस्थालाई निरन्तर रुपमा अगाडि बढन प्रेरणा दिएको छ भन्दै आर्थिक मन्दी लगायत देशका विभिन्न भागहरुमा विभिन्न ब्यक्ति तथा समूहका नाममा लघुवित्त संस्थाहरु विरोधि कार्यक्रम सञ्चालन भएका कारण लघुवित्त सेवा प्रबाहमा भ्रम सृजना भएको बताउदै त्यसको प्रत्यक्ष असर संस्थाहरुको कर्जा प्रवाह र असुलीमा परेको बताउनु भयो । अन्त्यमा,आगामि बर्षको साधारण सभा मंसिर महिना भित्र सम्पन्न गर्ने ब्यवस्था मिलाउन आग्रह गर्दै संस्थाको सफलताको लागि कामना गर्नुभयो ।

**१२. वित्तीय संस्थाको तर्फबाट प्रस्तुत भएको जवाफ :-**

छलफलको क्रममा शेयरधनी महानुभावहरूले वित्तीय संस्थाको समग्र क्षेत्रलाई समेटेर प्रस्तुत गर्नुभएको मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरू प्रति सभाका सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यू र वहाँको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री राम बहादुर यादवले क्रमश: जवाफ दिनुहुँदै सम्पूर्णमा हार्दिक आभार प्रकट गर्नुभयो ।

सभामा शेयरधनी महानुभावहरुले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई वित्तीय संस्थाले उच्च सम्मानका साथ प्राथमिकतामा राखी कार्यान्वयन गर्दैजाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमश: पारित गरिदिनुहुन सभा अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

**प्रस्तावहरु उपर छलफल गर्दै पारित गर्ने काम सम्पन्न गरियो ।**

सभाध्यक्षज्यूको अनुरोध अनुसार क्रमश: प्रस्तावहरुमा सहमती जनाउँदै सम्पूर्ण शेयरधनी महानुभावहरुले ताली बजाई प्रस्तावहरु पारित गर्नु भएको थियो ।

क) **सामान्य प्रस्तावः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा छलफल हुंदा आ.व.२०८२/८३ को लेखापरीक्षण कार्य गर्नको लागि संस्थाको आन्तरिक लेखापरीक्षण समितिको सिफारिसका आधारमा श्री जोशी एण्ड भण्डारी, चाटर्ड एकाउण्टेण्टस् काठमाडौंलाई बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit, कम्पनी ऐन, २०६३ को दफा ७८ तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिमको विवरण प्रमाणिकरण वापतको मुल्य अभिबृद्धि कर सहितको एकमुष्ट कर सहित रु.११,३०,०००। (अक्षरेपिः एघार लाख तीस हजार मात्र) र लेखापरीक्षणमा खटिने कर्मचारीहरुको यातायात, आवास तथा खाना खर्च बापतको (Out of Pocket Expenses) रु.२,००,०००। (अक्षरेपिः दुई लाख मात्र) भुक्तानि गर्ने गरी आ.व.२०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैया र पैसा चौबीस मात्र) को ०.७५ (शुन्य दशमलव सात पाँच) प्रतिशतले हुन आउने रु.९९,८७,०६३।९५ (अक्षरेपि उनान्सय लाख सतासी हजार त्रिसट्ठी रुपैंया र पन्चानब्बे मात्र) कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

(ख) **विशेष प्रस्ताव**

१. आ.व.२०८१/८२ को मुनाफाबाट हाल कायम चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ (अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैया र पैसा चौबीस

मात्र) को १४.२५ (चौध दशमलव दुइ पाँच) प्रतिशतले हुन आउने रु. १८,९७,५४,२१४।९९( अक्षरेपि अठार करोड सन्तानब्बे लाख चवन्न दुइ सय चौध रुपैंया र पैसा उनान्सय मात्र) बराबर अर्थात १००:१४.२५ अनुपातको बोनस शेयर जारी गरी संस्थाको चुक्ता पुँजी रु.१,५२,१३,६२,७१४।२३ (अक्षरेपि एक अर्ब बाउन्न करोड तेह्र लाख बैसट्ठी हजार सात सय एकचालीस रुपैया र पैंसा तेइस मात्र) पुर्‍याउने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. संस्थाको संस्थापक र सर्वसाधारणको शेयर पुंजी अनुपात क्रमश: ७० प्रतिशत र ३० प्रतिशत कायम गर्ने प्रयोजनार्थ यस अधिको बार्षिक साधारण सभाबाट भएको निर्णयानुसार सर्वसाधारण तर्फको थप सार्वजनिक निष्काशन (FPO) को लागि नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको लागि प्रकृया अगाडि बढाइएकोमा हाल स्वीकृत भइ नसकेको परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक वर्ष २०८१/८२ को वोनस शेयर वितरण पश्चात् कायम हुने शेयर पुंजीमा साविक निर्णय बमोजिम ७०:३० को अनुपातमा संस्थापक तथा सर्वसाधारणको शेयर पुँजी अनुपात कायम गर्न आवश्यक भएकोले हाल प्रस्तावित बोनश शेयरको आधारमा नपुग भएको सर्वसाधारण तर्फको ८,७४,४४३.९५ ( आठ लाख चौहत्तर हजार चार सय त्रिचालीस दशमलव नौ पांच) कित्ता साधारण शेयर सम्बन्धित निकायहरुबाट स्वीकृति लिई प्रिमियममा थप सार्वजनिकय निष्काशन (Further Public Offering) को माध्यमबाट शेयर जारी गर्ने र उक्त कार्यको लागि नियमनकारी निकायको निर्देशन बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत अन्य सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो

३. संस्थाको संस्थापक र सर्वसाधारण समूहको शेयर संरचना ७०:३० को अनुपात कायम गर्नको लागि सर्वसाधारण समूहतर्फ कमी रहेको शेयर थप सार्वजनिक निष्काशन (FPO) को माध्यमबाट जारी गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृति भएपश्चात् थप सार्वजनिक निष्काशन (FPO) जारी गरी तथा आ.व.२०८१/८२ को बोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पुंजी मध्येबाट संस्थापक समूह तर्फको १० प्रतिशत शेयर नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायहरुबाट स्वीकृति लिइ सर्वसाधारण समूहको शेयरमा परिणत (Conversion) गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४. प्रवन्धपत्रको दफा ६(क), दफा ६ (ख) र दफा ६ (ग) तथा नियमावलीको नियम ३२ (१) (ख) (अ) मा आवश्यक संशोधन गर्ने । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट फेरवदल गर्न निर्देशन भएमा सोमा थपघट, परिमार्जन तथा सच्याउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने पस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि कुनैपनि प्रस्ताव नभएको ।

| विषेश प्रस्तावसंग सम्बन्धित प्रवन्धपत्रमा संशोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| प्रवन्धपत्रको सम्बन्धित दफा | हालको व्यवस्था | प्रस्तावित संशोधनको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
| दफा ६ (क) | वित्तीय संस्थाको अधिकृत पुंजी रु.१,५०,००,००,०००। ( अक्षरेपी एक अर्व पचास करोड मात्र ) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,५०,००,०००। (एक करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको अधिकृत पुंजी रु.२,००,००,००,०००।(अक्षरेपी दुई अर्ब मात्र ) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका २,००,००,०००। (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ । | संस्थाको जारी पुंजी र चुक्ता पुंजी क्रमशः बृद्धि हुंदै गइरहेकोले सोहि बमोजिम अधिकृत पुंजी समेत बृद्धि गर्न आवश्यक भएको । |
| दफा ६ (ख) | वित्तीय संस्थाको जारी पुंजी रु.१,४०,८१,४६,२९०।१९ (अक्षरेपी एक अर्ब चालीस करोड एकासी लाख छ्यालीस हजार दुई सय नब्बे रुपैंया र पैसा उन्नाइस मात्र ) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१०० दरका १,४०,८१,४६२.९० ( एक करोड चालीस लाख एकासी हजार चार सय बैसट्ठी दशमलव नब्बे ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्थाको जारी पुंजी रु. १,६०,८८,०७,१३६।५४ (अक्षरेपी एक अर्ब साठी करोड अठासी लाख सात हजार एक सय छत्तीस रुपैंया र पैसा चवन्न मात्र ) हुनेछ । सो पुंजीलाइ प्रतिशेयर रु.१००दरका १,६०,८८,०७१.३६ (एक करोड साठी लाख अठासी हजार एकहत्तर दशमलव छत्तीस ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा भएको व्यवस्था बमोजिम सर्वसाधारणलाई शेयर जारी गरी चुक्ता पुंजीको ३० प्रतिशत शेयर कायम गर्नुपर्ने भएकोले । |
| दफा ६ (ग) | वित्तीय संस्थाको चुक्ता पुंजी रु.१,३३,१६,०८,५२६।२४ ( अक्षरेपि एक अर्ब तेत्तीस करोड सोह्र लाख आठ हजार पाँच सय छब्बीस रुपैंया र पैसा चौबीस मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुंजी रु.१,५२,१३,६२,७४१।२३ ( अक्षरेपि एक अर्ब बाउन्न करोड तेह्र लाख बैसट्ठी हजार सात सय एकचालीस रुपैंया र पैसा तेइस मात्र) हुनेछ । | हालको चुक्ता पुंजीमा १४.२५ प्रतिशतको दरले बोशन शेयर वितरण गर्दा पुंजी संरचनामा परिवर्तत हुने भएकोले सोहि बमोजिम चुक्ता पुंजी बृद्धि गर्न आवश्यक भएको । |

## नियमावलीमा संशोधनको प्रस्ताव

| विशेष प्रस्तावसंग सम्वन्धित नियमावलीमा संशोधन गर्न प्रस्तावित दफाको विवरण | | | |
|---|---|---|---|
| नियमावलीको सम्वन्धित नियम | हालको व्यवस्था | प्रस्तावित संशोधन व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
| नियम ३२ (१) (ख) (अ) | सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु. ८,५००। र रु.८,०००। हुनेछ । | सञ्चालक समितिको बैठकमा सहभागी भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता क्रमश: रु.११,०००। र रु.१०,०००। हुनेछ । | हालको बजार महंगीको अनुपातमा साविकको बैठक भत्ता न्यून भएकोले उक्त रकम बृद्धि गर्न आवश्यक भएको । |

## १३. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-

अन्त्यमा सभाध्यक्ष श्री केशवप्रसाद आचार्यज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसैगरी यस बाह्रौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितो बोर्ड, नेपाल स्टक एक्सचेन्ज, लेखापरीक्षक, शेयर रजिष्टार, संस्थाका शेयरधनी तथा सञ्चालकहरू र कर्मचारीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभाध्यक्षज्यूले दिउसो २:१५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..............................
तारा प्रसाद ढुंगाना
कम्पनी सचिव
मिति २०८२/०९/३०

..............................
केशवप्रसाद आचार्य
सभाध्यक्ष
मिति २०८२/०९/३०